नेपाल सरकार
लगानी बोर्डको कार्यालय

९७७-१-४५७५२९३
४५७५२७६
४५७५२७७
४५७५२७८
फ्याक्सः ९७७-१-४५७५२८१

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर,
नयाँ बानेश्वर, काठमाडौं ।

नेपाल सरकार लगानी बोर्डको कार्यालय २०६८

पत्र संख्याः ०८०/०८१
च. नं.:

मितिः २०८० चैत्र १८

प्रेस विज्ञप्ति

काठमाडौं । आगामी लगानी सम्मेलनलाई लक्षित गर्दै बंगलादेशको ढाकास्थित नेपाली दूतावाससँगले आयोजना गरेको प्रिइभेन्ट इन्भेष्टमेन्ट सेमिनारमा लगानी बोर्डको कार्यालयले सहभागिता जनाएको छ। उक्त सेमिनारमा आगामी वैशाख १६ र १७ मा काठमाडौंमा आयोजना हुने लगानी सम्मेलनको विषयवस्तु तथा अपेक्षाका सम्बन्धमा सम्भावित लगानीकर्ताहरूलाई जानकारी गराइएको थियो।

कार्यक्रमका अतिथिहरूलाई स्वागत गर्नुहुँदै बंगलादेशका लागि नेपालका महामहिम राजदूत श्री घनश्याम भण्डारीले नेपालमा गरिने लगानीका लाभहरूबारे चर्चा गर्नुहुँदै बंगलादेशी लगानीकर्तालाई नेपालमा जलविद्युत, पूर्वाधार, होटल तथा हस्पिट्यालिटी, फर्मास्युटिकल्स, सूचना प्रविधि लगायतका क्षेत्रमा लगानीको अवसर पहिल्याउन आग्रह गर्नुभयो।

सेमिनारका प्रमुख अतिथि बंगलादेशका माननीय State Minister of Power, Energy, and Mineral Resources of Bangladesh, Hon. Mr. Nasrul Hamid ले नेपालमा रहेको लगानीको सम्भावनाबारे उल्लेख गर्नुहुँदै नेपाल र बंगलादेशबीच द्विपक्षीय लगानी सम्बन्धलाई मजबुत पार्न बंगलादेश सकारात्मक रहेको बताउनुभयो। नेपाल र बंगलादेशबीचको ऊर्जा सहकार्यलाई विशेष महत्व दिनुहुँदै बंगलादेशको उच्च माग र नेपालको उत्पादन क्षमताबीच तादम्यता मिलाउनु पर्नेमा जोड दिनुभयो।

कार्यक्रमका विशेष अतिथि लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत श्री सुशील भट्टले लगानी सम्मेलनको तयारीका सम्बन्धमा जानकारी गराउनुहुँदै लगानी सम्मेलनले सम्भावित लगानीकर्ता, नीति निर्माता, निजी क्षेत्र, विज्ञ, विकास साझेदार, डेभलपमेन्ट फाइनान्स इन्स्टिच्यूसनहरू र बैंक तथा वित्तीय संस्थालाई एक ठाउँमा ल्याउने र विदेशी लगानीकर्ताहरूले स्थानीय व्यवसायीहरूसँग साझेदारी गर्न सक्ने सम्भावना औंल्याउनुभयो ।उहाँले सहभागी लगानीकर्तालाई सम्मेलनमा सहभागी हुन आह्वान समेत गर्नुभयो। साथै बोर्डका प्रमुख कार्यकारी अधिकृतले बंगलादेशका उर्जामन्त्री र सम्बन्धित पक्षसँग साइडलाइन बैठक गर्दै द्विपक्षीय हितका विषयमा समेत छलफल गर्नुभयो।

लगानी बोर्डका सहसचिव बाबुराज अधिकारीले लगानी सम्मेलनको सम्बन्धमा विस्तृत जानकारी प्रदान गर्ने प्रस्तुतीकरण गर्नुभएको थियो ।

सेमिनारमा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' तथा अर्थमन्त्री वर्षमान पुनले लगानीकर्ताहरूलाई नेपालमा लगानीका लागि आह्वान गर्नुभएको भिडियो सन्देश प्रसारण गरिएको थियो ।

नेपाल सरकार
# लगानी बोर्डको कार्यालय

☎ ९७७-१-४५७५२९३
४५७५२७६
४५७५२७७
४५७५२७८
फ्याक्सः ९७७-१-४५७५२८१

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर,
नयाँ बानेश्वर, काठमाडौं ।


पत्र संख्याः ०८०/०८१

च. नं.:

मितिः २०८० चैत्र १८

सेमिनारमा बंगलादेशको संसदका सदस्यहरू, उच्चपदस्थ सरकारी अधिकारीहरू, थिंक टयांक, प्रतिष्ठीत व्यावसायिक प्रतिष्ठानका प्रतिनिधिहरू, नेपाली दूतावासका अधिकारीहरू लगायत ८० भन्दा धेरैको सहभागिता रहेको थियो ।

प्रद्युम्न प्रसाद उपाध्याय

सहसचिव तथा प्रवक्ता